नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज ८ गते २०३६ साल

श्री ५ को सरकार

निर्माण तथा यातायात मन्त्रालयको

सूचना

नगर विकास समिति ऐन, २०१९ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष र सदस्यहरू भएको लहान नगर विकास समिति गठन गरेको छ :-

समिति गठन

अञ्चलाधीश, सगरमाथा अञ्चल-	अध्यक्ष
सभापति, सिराहा जिल्ला पञ्चायत-	उपाध्यक्ष
प्रमुख जिल्ला अधिकारी, सिराहा-	सदस्य
इञ्जिनीयर, सार्वजनिक निर्माण शाखा, सिराहा-	सदस्य
पञ्चायत वर्गीय संगठन वा सामाजिक क्षेत्रमा योगदान भएका व्यक्तिहरू-	
मध्येबाट समितिको अध्यक्षले मनोनीत गरेको बढीमा ५ जना व्यक्ति-	सदस्य
प्रधानपञ्च, लहान नगर पञ्चायत-	सदस्य-सचिव

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिको काम, कर्तव्य र अधिकार :

(१) नगर विकास समिति ऐन, २०१९ ले दिएको अधिकार प्रयोग गरी स्वीकृत योजना कार्यान्वयन गर्ने,

(२) योजनाको तर्जुमा सम्बन्धमा के कस्तो परिकल्पना गर्नु उपयुक्त हुन्छ सोको मोटा मोटी रूपरेखा तयार गरी आवास, भवन तथा भौतिक परियोजना विभागमार्फत् श्री ५ को सरकारमा पेश गर्ने,

(३) समितिबाट अपनाइने नीति तथा मापदण्डहरू आवास, भवन तथा भौतिक परियोजना विभागको सहयोगमा निर्धारण गरी कार्यान्वयन गर्ने ।

आज्ञाले–

ज्ञानप्रसाद शर्मा

श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।